**कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख १३ गते**

विश्वमा महामारिको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि सरकारले ०७६ चैत ११ गते देखि लकडाउन गरेको छ । यति हुँदा हुँदै पनि देशमा अहिलेसम्म ४९ जना कोरोना भाइरस सङ्क्रति पुगिसकेका छन् । त्यसमध्ये पनि दुई तिहाईको सङ्ख्यामा मुसलमानका धार्मिक गुरु जमाती समूदायमा यसको सङ्क्रमण देखिएपछि बागमती प्रदेशका मस्जितमा आउजाउ गर्ने सबैको कोरोना भाइरको परीक्षण सुरु भएको छ ।

कोरोना भाइरस (कोभिड-१९) बाट सबै भन्दा बढी प्रभावित जिल्ला उदयपुरको मस्जिदमा रहेका मानिसमा कोरोनाको सङ्क्रमण देखिएको र त्यसमध्येका तीन जना काठमाडौँ आएको पुष्टि भएपछि काठमाडौँस्थित मस्जिदमा रहेका सबैको परीक्षण सुरु भएको छ ।

स्वास्थ्य विभागका महानिर्देशक महेन्द्रप्रसाद श्रेष्ठले वैशाख ११ गतेदेखि यहाँका मस्जिदमा रहेका मानिसको परीक्षण पोलिमरेज चेन रियाक्सन (पिसिआर) विधिबाट सुरु गरिएको बताउनु भएको छ । उहाँका अनुसार वैशाख १२ गतेसम्म ७६ जनामा परीक्षण गरिएको र बाँकीको वैशाख १३ गते पनि परीक्षण भएको बताउनुभयो ।

मकवानपुर, चितवन, ललितपुर, धादिङ, भक्तपुर लगायतका जिल्लामा रहेको मस्जिदमा पनि कोरोना भाइरसको परीक्षण सुरु भएको छ ।

यसैबीच, राष्ट्रिय मुस्लिम आयोगले रमादानका अवसरमा घरमै नवाज पढ्न र प्रार्थना गर्न आग्रह गरेको छ । आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले कोरोनाका कारण देश नै लकडाउनको अवस्थामा रहेकोले घरमै आफ्ना धार्मिक क्रियाकलाप गर्न आग्रह गर्नु भएको छ ।

मुसलमानको एकमहिने रामदान पर्व सुरु भएको अवसरमा मुस्लिम आयोगका अध्यक्षले सबै मस्जिदमा धर्म गुरु र कर्मचारी बाहेक उपस्थिति नहुन र पाँच जना भन्दा बढी एकै ठाउँमा भेला भएर नवाज नपढ्न र आआफ्नै घरमा रामादान मनाउन सल्लाह दिनु भएको हो ।

यसैबीच, कोरोना भाइरस (कोभिड १९) सङ्क्रमण भई भरतपुर अस्पतालमा भर्ना भएका चितवनको राप्ती नगरपालिका वडा नं. ८ का २७ वर्षीय पुरुष वैशाख १३ गते उपचार पछि घर फर्किका छन् ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेलका अनुसार** जिल्लामा अस्पताल व्यवस्थापनका लागि १८ लाखको साझा कोष स्थापना गरिएको छ । कोरोना भाइरसको जोखिम न्यूनीकरणका लागि जिल्लाका ९ स्थानीय तहले साझा कोषको स्थापना गरेका हुन् ।

कोरोना भाइरससँग सम्बन्धित अस्पताल, एम्बुलेन्स र स्वास्थ्य सामग्रीलगायतका लागि खर्च गर्ने गरी साझा कोषको स्थापना गरिएको जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डेले बताउनु भयो ।

कोषमा दोलखाका नौ ओटा स्थानीय तहले २/२ लाखको दरले रकम उपलब्ध गराउने गराई सञ्चालन गरिने प्रमुख पाण्डेको भनाई छ । स्वाब सङ्कलन गरेपछि परीक्षणका लागि एम्बुलेन्समा पठाउने खर्च, चालक खाना खाजालगायतको खर्च व्यहोर्ने विषयमा अन्यौलता भएपछि साझा कोषको अवधारणा निस्किएको उहाँको भनाई छ ।

कोषबाट सम्भाव्य कोरोना बिरामीको स्वाब परीक्षणका लागि धुलिखेल वा काठमाडौँ पठाउने, शव राख्ने मर्च्युरी बाकस खरिद गर्ने, मानसिक सन्तुलन गुमेकाको उपचार गर्ने जस्ता प्रयोजनको लागि खर्च गरिने बताइएको छ ।

**यसैबीच,** लकडाउनको अवधिभरसदरमुकाम चरिकोट आसपासका ३ हजार भन्दा बढि नागरिकले कोरोना भाइरसबारे जानकारी लिएका छन् ।

कोरोना भाइरसको सङ्क्रमण फैलिन सक्ने भन्दै नेपाललाई लकडाउन गरिएको एक महिना पुरा भएको छ । एक महिनाको अवधिमा लकडाउन उल्लङ्घन गर्दै सदरमुकाम चरिकोट बजार निस्केका ३ हजार १ सय सर्वसाधारणलाई नियन्त्रणमा लिई कोरोना भाइरसबारे सचेतना कक्षा दिइएको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ ।

लकडाउनका समयमा पनि दैनिक १ सय जना मानिस सातदोबाटो चोक आसपास पुग्ने गरेका थिए । उनिहरूलाई सोधपुछ गरि अत्यावश्यक काम भन्दा बाहिर बजार निस्केको पाइए साबुन पानिले हात धुन लगाई कक्षामा राख्ने व्यवस्था गरिएको थियो । करिव आधा घण्टा सञ्चालन हुने उक्त कक्षामा सुरक्षाकर्मीले कोरोना भाइरस, यसका लक्षण, बच्ने उपाय लगाएतका विषयमा जानकारी दिने गर्दछन् ।
**यसैबीच,** दोलखाको भीमेश्वर नगरपालिकाले कामविहीन भएका मजदुरलाई रोजगारी दिने भएको छ । लकडाउनका कारण मजदुर कामविहिन हुँदा उनिहरूलाई दैनिक जिविकोपार्जनमा समस्या भएको आवाज उठेपछि नगरपालिकाले यस्ता अवधारणा ल्याएको हो । नगरपालिकाले नौ ओटै वडामा विभिन्न समयदेखी ज्याला मजदुरी गर्दै आएका श्रमीकलाई रोजगारी दिने भएको हो ।
जिल्ला बाहिरबाट मजदुरीका लागि दोलखा आई हाल कामविहीन बनेका र भीमेश्वर नगरपालिकाकै विभिन्न क्षेत्रमा कार्यरत मजदुरलाई काममा लगाउन थालिएको भीमेश्वर नगरपालिकाका प्रवक्ता एवम् वडा नम्बर ४ का अध्यक्ष हरिवंश चौलागाईले जानकारी दिनु भयो ।
मजदुरलाई सिँचाई कुलो, सडक नाला सरसफाई लगाएतका क्षेत्रका काममा लगाउन सबै वडा कार्यालयलाई निर्देशन दिएको छ । वैशाख ८ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयले कामविहीन श्रमिकलाई काममा लगाई नगरपालिकाले पारिश्रमीक दिने निर्णय गरिएको चौलागाईले जानकारी दिनु भयो । भीमेश्वर नगरपालिका वडा नम्बर ३ चरिघ्याङ क्षेत्रमा शुक्रबारबाट नाला सरसफाई लगाएतका काममा श्रमीकलाई खटाइएको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबावु धितालका अनुसार** कोरोना भाइरस (कोभिड–१९) को सङ्क्रमणबाट बचाउने उद्देश्यले बनाइएको क्यारेण्टाइन केन्द्रबाट सिन्धुपाल्चोकमा १ सय ३४ जनाले सेवा लिएका छन् । क्यारेण्टाइनमा सेवा लिएर घर फर्केका २६ महिला सहित ९१ जना रहेका छन् भने बैशाख १३ गतेसम्म १० महिला सहित ४३ जना क्यारेण्टाइनमा रहेका छन् ।
क्यारेण्टाइनमा सेवा लिएकाहरूमा सिन्धुपाल्चोक घरभई विदेशबाट फर्केका व्यक्तिहरू बाहेक काठमाडौं स्थित सनसिटीबाट घर फर्केका तीन जना छन्, भने सुर्खेत घर बताउने एक जना क्रिश्चिेन पास्टर छन् । त्यसैगरी तातोपानी धारामा नुहाउन आएका नाम थर ठेगाना नबताउने एक जोगी र काठमाडौँबाट घर जान हिँडेका एक जना चिनिया नागरिक समेतले क्यारेण्टाइन सेवा लिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुर्गादत्त चापागाइले बताउनुभयो ।
**यसैबीच,** बन्दाबन्दीको समयमा काठमाडौँबाट घर फर्केका व्यक्तिहरूलाई आ–आफ्नै घरभित्र बसेर अरुसँग भेटघाट र सम्पर्क नगरी होम क्यारेण्टाइनमा बस्न स्थानीय सरकारका प्रमुखहरूले सर्वसाधरणलाई अनुरोध गरेका छन् । तीन दिनको बीचमा काठमाडौँबाट ३ हजार जना व्यक्ति सिन्धुपाल्चोक भित्रिएका छन् । बस रिजर्भ गरी घर फर्केका व्यक्तिहरूलाई राख्न र व्यवस्थापन गर्न कठिन भएकोले सबैलाई होम क्यारेण्टाइनमा बस्न अनुरोध गरिएको चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख अमानसिंह तामाङले बताउनुभयो ।
प्रमुख तामाङका अनुसार सबै गाउपालिका तथा नगरका नागरिकहरू लगडाउन लम्बिने आशङ्काले घर फर्केका छन् । उनीहरू सबैलाई सम्बन्धित गाउँ तथा नगर प्रमुखहरूले होम क्यारेण्टाइनमा बस्न अनुरोध गर्नुभएको छ ।
**यसैबीच** कोरोना भाइरसको संक्रमण भए नभएको जाँच गर्ने अभियान अर्न्तगत जिल्लाका स्वास्थ्यकर्मीहरूले ४ सय २७ जनाको र्‍यापिट टेष्ट गरेका छन् । र्‍यापिट जाँच गरेकाहरू मध्ये सबैको नेगेटिभ रिपोर्ट आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुखले बताउनु भयो ।
र्‍यापिट जाँच भएकाहरूमा चौतारा सागाचोकगढी नपामा ७३, बाह्रविसे नपामा ४४, मेलम्ची नपामा ५७, बलेफी गाउपालिका ४८, भोटेकोशी गाउपालिका २०, इन्द्रवती गाउपालिकामा ५६, जुगलमा ४३, पाचपोखरी थाम्पालमा २५, लिसंखुपाखरमा ६, सुनकोशीमा १७, हेलम्बुमा २८ र त्रिपुरासुन्दरीमा १० जना रहेको जिल्ला स्वास्थ्य कार्यालयका सुचना अधिकारी कृष्ण तिवारीले बताउनुभयो ।
**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार काठमाडौं तथा अन्य जिल्लाबाट आउनेहरू अनिवार्य क्यारेण्टाइनमा बस्नुपर्ने त्यसका लागि स्थानीय तहमा समन्वय गरेर मात्र आउनुपर्ने कालिका गाउँपालिकाले वैशाख १३ गतेको कार्यपालिका बैठकबाट निर्णय गरेको छ ।

काठमाडौँबाट हिँडेर आएका दुई जना आमाछोदिङमो गाउँपालिकाको थाम्बुचेतमा रहेको क्वारेन्टाइनमा थप भएपछि तीन जना भएका छन् । यस अघि त्यहाँ क्वारेन्टाइनमा रहेकाहरू स्वास्थ्य परीक्षणबाट परीक्षणबाट तीन जना घर फर्केका छन् ।
कालिका गाउँपालिकाले वैशाख १३ गते कैलालीबाट आएका दुई जनालाई क्वारेन्टाइनमा राखेको छ । गोसाइकुण्ड गाउँपालिकाको स्याफ्रुमा नौ जना गरी १४ जना क्वारेन्टाइनमा छन् ।
सङ्खुवासभा जिल्लामा अड्केका कालिका गाउँपालिका वडा नं १ राम्चेका २१ जना मजदुरहरू लिनका लागि कालिका गाउँपालिकाले बस तथा स्वास्थ्यकर्मी पठाएको छ । उनीहरूलाई कालिकास्थानमा क्यारेण्टाइन राख्ने गाउँपालिका अध्यक्ष सीताकुमारी अधिकारी पौडेलले बताउँनुभयो ।
नौकुण्ड गाउँपालिकामा १९ जना होम क्वारेन्टाइनमा छन् । बाहिरबाट आउने मानिसहरू बढ्ने भएकोले १५ बेडको मात्र क्यारेण्टाइन रहेको नौकुण्डमा बेड थप गर्न लागेको छ ।
रसुवा जिल्लाभरमा ०७६ फागुन १ गतेदेखि भारत र तेस्रो मुलुलबाट आएका मानिसहरूको कोरोना सङ्क्रमण बढ्न नदिन अनिवार्य रुपमा र्‍यापीड डाइग्रष्टिक टेष्ट (आरडीटि) गर्न थालिएको छ । हालसम्म जिल्लाको रसुवा अस्पतालमा ९ जना, जिवजिवे ग्रामीण अस्पतालमा २४ जना, आमाछोदिङमो गाउँपालिकाको थाम्बुचेतमा १४ जना, नौकुण्ड गाउँपालिकाको पाञ्च्याङमा १० जना गरी कुल ६० जनाको र्‍यापीड डाइग्रष्टिक टेष्ट (आरडीटि) भएको छ ।
आरपिपिसिआर दुई जनाको भएकोमा सबै नेगेटिभ देखिएको छ । जिल्लामा हालसम्म क्यारेण्टाइनमा १० छन् रहेका भने आइसोलेसन खाली रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत किरण श्रेष्ठले बताउनुभयो । र्‍यापीड डाइग्रष्टिक टेष्ट गर्ने सामग्री (आरडीटि) किड १ सय ६० थान ल्याएकोमा स्वास्थ्य संस्थामा पठाइएको छ ।
जिल्लाभर असङ्गठित श्रमिक तथा अशहायलाई पहिलो चरणको राहत वितरण सकेर दोस्रो चरणको राहत वितरणका सुरु भएको छ । जिल्ला विपद व्यवस्थापन समिति रसुवाका तर्फबाट प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले वैशाख १३ गते सदरमुकाम धुन्चेमा मानव अधिकारकर्मी तथा क्रियाशील पत्रकारहरूलाई एन-९५ माक्स, सेनिटाइजर, ग्लोभ्स प्रदान गर्नुभयो ।
रसुवागढी जलविद्युत आयोजनामा कार्यरत सिन्धुपाल्चोकका सुरज लामा हराएका छन् । घर जान भनेर हिँडेका लामा वैशाख ६ गते हिँडेको तर हालसम्म घरमा पनि सम्पर्क नभएको जनाइएको छ । कुकका रुपमा कार्यरत लामा ६ गते परिवारको सम्पर्कमा थिए ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार काठमाडौँमा मजदुरी गरेरबसेका तथा विविध कारणले अलपत्र परेका मानिसहरूलाई स्थानीय सरकारहरूले धमाधम गाउँ ल्याउन थालेका छन् ।
नेत्रावती डबजोङ गाउँपालिकाले १ सय ८७ नागरिकलाई गाउँपालिकामा ल्याएको छ । यसै गरी ज्वालामूखी गाउँपालिकाले करब २ सय नागरिकलाई गाउँल्याएको जनाएको छ ।
बागमति प्रदेश सांसद जगत सिंखडाले आफ्नो निर्वाचन क्षेत्रका मतदाताहरूमध्ये करिब २ हजार जनालाई काममाडौँबाट धादिङ ल्याउनु भएको छ ।
काठमाडौँमा बन्दाबन्दीका कारण समस्या भोगेका नागरिकहरू घरआउन चाहेका सबैलाई घर ल्याइएको सिंखडाले बताउनु भएको छ ।
त्रिपुरासुन्दरी गाउँपालिकालेसमेत सवारीसाधनको व्यवस्था गरि असङ्गठित क्षेत्रमा काम गर्ने मजदुरहरूलाई घर ल्याइएको छ । जिल्लामा पटक/पटक गरि काठमाडौँमा रहेका करिब ३ हजार नागरिकलाई घर ल्याइएको हो ।
यसैबीच, गल्छी गाउँपालिका वडा नम्बर १ घर्तीटारमा किसानहरूले विक्रि गर्न नपाएपछि तरकारी बारीमै जोतेर नष्ट गरेका छन् । १ सय ५० रोपनीमा लगाइएको गोलभेडा र बन्दा जोतेर नष्ट गरेपछि किसानहरूले बारीमा मकै छरेका छन् ।
९५ जना किसानहरूले गोलभेडा र बन्दा लगाएका थिए । बजार लान नसकिने र विक्रि गर्न समेत नसकिने भएपछि किसानहरूले उत्पादन भएको तरकारी बारीमै नष्ट गर्नु परेको घर्तीटार निवासी बासुदेब खतिवडाले बताउनुभयो ।

उपभोक्ताले महंगो दरमा तरकारी किन्नु पर्ने अवस्था छ । यहाँ किसानले तरकारी विक्रि गर्न समेत नपाएर बारीमै नष्ट गर्नु परेकोले किसानहरू मर्का परेको खतिवडाको भनाइ छ ।
धादिङको लापाबाट भुकम्प कारण विस्तापित भाई ज्वालामुखि गाउँपालिकाको ढोलामा बस्दै आएका नमूना वस्तीमा खाद्यान्न सङ्कट भएको छ । खेती गर्ने जग्गा जमिन नहुँदा उनीहरूको जीवन निर्वाहको मुख्य स्रोत ज्याला मजदुरी भएकोले खाने कुरा अभाव भएको हो ।
रुबीभ्याली वडा नम्बर ५ बाट भूकम्पपछि यहाँ ल्याइएकाहरूको घरमात्रभएकोले समस्या परेको हो । ज्वालामूखी गाउँपालिकाले हालसम्म कुनै पनि परिवारलाई खानेकुरा लगायतका राहत सामान नबाँडेका कारण समस्या आएको छ । ज्वालामूखी गाउँपलिकाले भूकम्प पीडित वस्ती गाउँबाट आएकोले उनिहरूको गाउँको बस्तीमा खानेकुरा उत्पादन स्थल भएको भन्दै राहत दिएको छैन ।
गाउँपालिका अध्यक्ष विनोद तिमल्सीनाले राहत वितरणसम्बन्धी गाउपालिकाले हालसम्म कुनै निर्णय नगरेकोले राहत नबाँडेको बताउनुभयो ।
यसैबीच, स्थानीय तहमा कोरोना भाइरस (कोभिड १९) नियन्त्रण र रोकथामको लागि एक तीन जनाको समूह बनाएर खटाउन थालिएको छ । जिल्लाका ११ गाउँपालिका र एक/एक समूह हुनेछ भने दुई नगरपालिकामा दुई/दुई समूहले कोरोना सङ्क्रमणलाई नियन्त्रण, रोकथामसँगै ट्रेसिङ गर्ने काम गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले जानाकारी दिनुभएको छ ।
सबै स्थानीय निकायमा जनस्वास्थ्य अधिकारी, ल्याब टेक्निसियन, र नर्स गरी तीन जनाको समूह बनाएर कोभिड १९ को नियन्त्रण र रोकथामको लागि क्रियाशिल हुने छ । गठन गरिएको समूहमा स्थानीय तहमा रहेका कर्मचारीहरूलाई प्राथमिकता दिइएको देवकोटाले बताउनुभयो । जनशक्ति अभाव भएमा प्रादेशिक जिल्ला स्वास्थ्य कार्यालय, प्रादेशिक कार्यालय, सामजिक विकास मन्त्रालय लगायतमा माग गर्न अनुरोध गरिएको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार स्थानीय तहले बनाएको क्वारेनटाइनमा २३ जना रहेका छन् । होम क्वारेनटाइनमा ५ सय २ जना रहेका छन् । जिल्लाभर २ सय ९ जनाको ज्वरो परीक्षण गरिएको छ ।
यसैबीच, म्यागङ गाउँपालिकाले राजधानी काठमाडौँमा अलपत्र परेका ३ सय ४७ जनालाई बसमा गाउँ ल्याएको छ । उनीहरूको देउराली प्राथमिक स्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण गरी होम क्वारेनटाइनमा राखिएको पालिका अध्यक्ष आशा तामाङले जानकारी दिनुभयो ।
यता किस्पाङ गाउँपालिकाले काठमाडौँबाट १ सय ६ जनालाई गाउँमा ल्याएको छ । उनीहरूलाई होम क्वारेनटाइनमा राखिएको पालिकाका अध्यक्ष छत्र लामाले जानकारी दिनुभयो ।
यता नुवाकोटको छहरे-टोखा (काठमाडौँ) सडकको स्तरोन्नती योजनामा काम गर्दै आएका सात जना महिलासहित २५ जना मजदुर पैदल नै घर गएका छन् । लामो समय बस्दा पनि काम सञ्चालन हुने छाँट नदेखिएपछि घर हिडेका हुन् । उनीहरू दाङ, रोल्पा, बर्दिया लगायत जिल्लाका कामदारहरू हुन् ।
बेलकोटगढी नपा-८ ठूलोखोलामा रहेको इँटाभट्टाबाट घर हिँडेका भारतीय मजदुरलाई धादिङको गल्छीबाट फिर्ता पठाइएको छ । नेपाल भारत सीमा सिल भएको कारण उनीहरूलाई भारत पठाउन नसकिने भएको भन्दै प्रहरीले इँटाभट्टाका मालिकसँग समन्वय गरी ८९ जना भारतीय मजदुरलाई उद्योगमै फिर्ता पठाएको धादिङको गल्छी गाउँपालिकाका अध्यक्ष कृष्णहरि श्रेष्ठले जानकारी दिनुभयो ।
जिल्ला प्रहरी कार्यालयले लकडाउन शुरु भएको ३२ दिनमा लकडाउन उलङ्घन गरी हिड्ने १ हजार ७ सय २ जनालाई केही बेर नियन्त्रणमा लिएर सम्झाई बुझाई पठाएको जनाएको छ ।
यसैगरी सोही अवधिमा ३ सय ९२ ओटा विभिन्न सवारी साधनलाई नियन्त्रणमा लिएर कारवाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार सरकारले काठमाडौँमा रहेका मस्जिदमा आउजाउ गर्ने सबैको कोरोना भाइरस (कोभिड-१९) परीक्षण सुरु भएको छ ।
उदयपुरको मस्जिदमा रहेका मानिसमा कोरोनाको सङ्क्रमण देखिएपछि काठमाडौँस्थित मस्जिदमा रहेका सबैको परीक्षण सुरु गरिएको स्वास्थ्य विभागका महानिर्देशक महेन्द्रप्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार वैशाख ११ गतेदेखि यहाँका मस्जिदमा रहेका मानिसको परीक्षण पोलिमरेज चेन रियाक्सन (पिसिआर) विधिबाट सुरु गरिएको छ । उहाँका अनुसार वैशाख १२ गतेसम्म ७६ जनामा परीक्षण गरिएको र बाँकीको वैशाख १३ गते पनि परीक्षण भएको बताउनुभयो ।
उदयपुरको त्रियुगा नगरपालिकाको भुल्केस्थित मस्जिदमा २७ जनामा कोभिड सङ्क्रमण देखिएको थियो । जसमध्ये तीन जना काठमाडौँमा गएको देखिएको महानिर्देशक श्रेष्ठले जानकारी दिनुभयो ।
यस्तै, राष्ट्रिय मुस्लिम आयोगले रमादानका अवसरमा घरमै नवाज पढ्न र प्रार्थना गर्न आग्रह गरेको छ । आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले कोरोनाका कारण देश नै लकडाउनको अवस्थामा रहेकोले घरमै आफ्ना धार्मिक क्रियाकलाप गर्न आग्रह गर्नुभयो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुासर जिल्ला अस्पतालमा वैशाख १३ गते कोरोना भाइरस सङ्क्रमणको शङ्कास्पद व्यक्ति कोही नआएपछि परीक्षण नभएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो ।
मध्यपुरथिमि नगरपालिकाले कमेरोटारसँगै बोडेमा पनि सामुहिक मेस सञ्चालन गरेको छ । कोरोना सङ्क्रमण रोक्न भएको लकडाउन अबधिभर यहाँका गरिब, मजदुर एवम् असाहयका लागि निःशुल्क खाना खुवाउने गरी सामुहिक मेस सञ्चालन गरेको नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठले जानकारी दिनुभयो ।
उहाँले कोही खान नपाएर भाकै बस्ने अवस्था आएमा नगरपालिकालाई खबर गर्न समेत आग्रह गर्दै अत्यावश्यक ठाउँमा राहतदेखि खाना समेत खुवाउने बताउनुभयो ।
त्यसैगरी नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा कोरोना भाइरसका बिरामीलाई उपचारका लागि गरिएको तयारीका बारेमा बागमती प्रदेश सदस्यहरूले अनुगमन गर्नुभएको छ । बागमती प्रदेश सभा सदस्य शशीजंग थापा, राजेन्द्रमान श्रेष्ठ, सरस्वती बाटी, कृण्णलाल भडेल, जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख नवराज गेलाल लगायतको टोलीले अवलोकन गर्नुभएको हो ।
अनुगमनमा नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठले अस्पतालमा चार आटा भेन्टिलेटरसहितको १६ शैयाको आइसुलेशन कक्ष, रोग पहिचान गर्ने ल्याब पिसिआर (स्वाब) परीक्षण गर्ने ल्याब, एक्सरे मेसिन लगायत तयारीको बारेमा जानकारी गराउनुभएको थियो ।
मध्यपुरथिमि नगरपालिकाले ७ हजार ५ सय २८ परिवारलाई राहत वितरण गरेको जनाएको छ । राहत वितरणमा ७४ लाख ४८ हजार ४ सय ४९ खर्च भएको मेयर श्रेष्ठले जानकारी दिनुभयो ।
त्यसैगरी योयो बैंक्वैट र मानवीय आस्था नेपालले वैशाख १३ गते स्थानीय अति विपन्न १ हजार परिवारलाई राहत वितरण गरेको छ ।
सूर्यविनायक, पाण्डुबजार, घलाते, दार्जलिङ्ग हाईट लगायतका स्थानीय गरिब तथा अतिविपन्न ६ सय परिवारलाई योयो बैंक्वैटबाट सिपाडोलका ४ सय परिवारलाई बागमती क्लबबाट राहत वितरण गरेको योयो बैंक्वैटका अध्यक्ष श्रीभक्त कासिछ्वाले जानकारी दिनुभयो । प्रतिपरिवार १ हजार रपैयाँ बराबरको चालम, दाल, नून, मस्यौरा र तेल राहत दिएको जानकारी दिनुभयो ।
त्यसैगरी भक्तपुर नगरपालिकाले नगरका ५ हजार ९ सय ९ कृषकलाई खुमल-११ ताइचीन जातको धानको बीउ निःशुल्क वितरण गरेको छ ।
नोवल कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले गरेको देशव्यापी लकडाउनलाई ध्यानमा राख्दै नगरपालिकाले नगरका १ देखि १० सम्मका सबै वडाकार्यालय मार्फत प्रतिपरिवार २ किलो ५०० ग्राम अर्थात एक पाथी धान निःशुल्क वितरण गरेको हो ।
भक्तपुर नगरपालिकाका विभिन्न वडाहरूले स्थानीय स्वयम्सेवक परिचालन गर्दै वडा कार्यालय र घरदैलो गरी कृषक परिवारलाई धानको बीउ वितरण गरेको नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जानकारी दिनुभयो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपक घिमिरे**का अनुसार कडाउनको नियम उलङ्घन गरे बापत वैशाख १३ गते ४० जनालाई महानगरीय प्रहरी परिसरले कारवाही स्वरुप कोभिड-१९ को बारेमा २ घण्टे कक्षामा राखेर घर पठाएको परिसरका प्रमुख एवम् एसएसपी टेकप्रसाद राईले जानकारी दिनुभयो ।

कोभिड-१९को सङ्कामा वैशाख १३ गते दुई जनालाई भर्ना गरी पाटन अस्पतालको आइसोलेशन वार्डमा उपचार भइरहेको छ भने दुई जना बिरामी निको भएर घर गएको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो।
कान्ति लोकपथबाट पैदल यात्राका क्रममा अलपत्र परेकाहरूलाई बागमती गाउँपालिका-३ भट्टेडाँडाका पाँच सय परिवार किसानहरूको लागि काँक्रो, फर्सी, खुर्सानी, काउली, बन्दा, सिमि, भन्टा, मुला, केराउ, घिरौंला, तितेकरेला, घ्यूसिमिलगायत १४ किसिमका तरकारीको बीउ वितरण गरेको वडा अध्यक्ष विष्णुप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो।
किसानलाई कोरना भाईरसका कारणले घरमा नै बसेको समय खेतिपातीलाई मध्यनजर गर्दै बिउविजन वितरण गरिएको वडा कार्यालयले जानकारी दिएको छ।
ललितपुर महानगरपालिकाका सबै वडामा विपन्न वर्गलाई दैनिक निःशुल्क भोजनमा सहभागी हुन नाम दर्ताका लागि सूचना जारी गरेको २४ नम्बर वडाका अध्यक्ष एवम् महानगरको सामाजिक विकास समिति संयोजक दिनेश कार्कीले जानकारी दिनु भयो।
स्थानीय सरकारले कोभिड १९ का कारण आआफ्नै घरमा बसेकाहरूलाई कृषिमा आकर्षित गर्न निःशुःक बिउविजन वितरणलाई अघि सारेका छन्। आगामी दिनहरूमा खाद्य समस्या नआओस भनेर जमिन र मौसम अनुसार तरकारी वा अन्नबालीमा प्राथमिकता दिन सकिने कोन्ज्योसोम गाउँपालिकाका प्रवक्ता सुबिन्द्र तामाङले बताउनु भयो।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङका अनुसार** बेथानचोक गाउँपालिका वडा नम्बर ५ का थप ४० जनामा कोरोना परिक्षण गरिने भएको छ। भारतबाट चैत्र ९ गते गाउँ आइपुगेका २८ वर्षीय युवा आरडिटी परिक्षण गर्दा कोरोना भाइरसको पोजेटिभ देखिएको थियो। तर ती युवाको स्वाब परीक्षण गर्दा कोरोना संक्रमण पुष्टि भएको थिएन्।
जिल्ला कमाण्ड पोष्टले ती युवाको सम्पर्कमा आएको अन्य ४० जनाको आरडिटी परीक्षण गर्ने निर्णय भएको स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख डाक्टर नरेन्द्र कुमार भ्राले बताउनु भयो।
डाक्टर नरेन्द्र कुमार भ्राका अनुसार तेमाल गाउँपालिकामा पनि थप ८ जना विदेशबाट आएको आरडिटी परिक्षण गर्ने तयारी भइरहेको छ।
**यसैबीच,** निजी तथा आवासीय विद्यालय सङ्गठन (प्याब्सन) काभ्रेले रोशी गाउँपालिकाका नागरिकको उद्धार गरेको छ। प्याब्सले वैशाख १२ राती लकडाउनपछि काठमाडौँमा अलपत्रपरेका नागरिकको उद्धार गरेको प्याब्सन काभ्रेको बरिष्ठ उपाध्यक्ष सरोज न्यौपानेले जानकारी दिनुभयो।
बरिष्ठ उपाध्यक्ष सरोज न्यौपानेका अनुसार प्याब्सनको १४ स्कुल बस र गाउँपालिकाले व्यवस्था गरेको चार ओटा गरी जम्मा १८ ओटा गाडी मार्फत भ्रण्डै ११ सय नागरिकहरू घर फर्केका छन्। घर पुगेका नागरिकहरूलाई १४ दिन होम क्यारेण्टाइनमा बस्ने भनेको उपाध्यक्ष लक्ष्मी बर्तोलाले जानकारी दिनुभयो।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार जिल्लामा वैशाख १३ गतेसम्म १ सय ६३ जनाको र्‍यापिड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ। जिल्लामा र्‍यापिड डायग्नोस्टिक टेष्ट (आरडीटी) प्रविधिबाट कोभिड १९ को परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला अस्पताल रामेछापका प्रमुख जितेन्द्र कर्णले जानकारी दिनुभयो।
कर्णका अनुसार जिल्लाको मन्थली नगरपालिकामा १३ जना, रामेछाप नगरपालिकामा २४ जना, लिखुतामाकोशी गाउँपालिकामा ६ जना, सुनापति गाउँपालिकामा २१ जना, दोरम्बा गाउँपालिकामा १५ जना, उमाकुण्ड गाउँपालिकामा तीन जना, गोकुलगंगा गाउँपालिकामा ४१, खाँडादेवी गाउँपालिकामा ३८ जना र जिल्ला अस्पतालमा दुएै जनाको र्‍यापिड परीक्षण गरिएको छ। जिल्लामा २२ जनालाई क्वारेन्टिनमा राखिएको छ। उनीहरू सबै होम क्वारेन्टिनमा छन्।
कोरोना कोरोना संक्रमणको सम्भावित जोखिमतालाई ध्यानमा राखी हालसम्म जिल्लाका आठ ओटा स्थानीय तहमा ३ सय ३१ शैया क्वारेन्टिन र ६१ शैया आइसोलेशन कक्ष स्थापना गरिएको छ।

रामेछाप अस्पताललाई कोरोना सङ्क्रममितहरूको स्वाब सुरक्षित रुपमा सङ्कलन गर्नको लागि नेपाल इञ्जिनियर एशोसिएसन बागमती प्रदेशले स्वाव सङ्कलन बुथ उपलब्ध गराएको छ।
सहयोग स्वरुप अस्पताललाई प्रदान गरेको सो बुथ प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रोशन पाखिनलाई हस्तान्तरण गर्नु भएको हो।
बुथ हस्तान्तरण गर्दै प्रमुख जिल्ला अधिकारी शर्माले उपकरण अभाव भई रहेको अवस्थामा आफ्नै देशका इञ्जिनियरले आफ्नै प्रविधिबाट उत्पादन गरेको उपकरणले सहयोग पुगको बताउनु भयो। यस अघि एशोसिएसनका बागमती प्रदेश सदस्य सरोज कार्कीले प्रमुख जिल्ला अधिकारीलाई बुथ हस्तान्तरण गर्नु भएको थियो।
जिल्ला अस्पताल रामेछापका मेडिकल सुपरिटेण्डेन्ट डाक्टर आनन्द आचार्यले स्वाव सङ्कलन बुथले स्वास्थ्यकर्मीको बचावटको लागि सहयोग गर्ने बताउनु भयो। उहाँले बुथले गर्दा पपिईको अभावमा पनि स्वाव सङ्कलन गर्न सकिने वातावरण सिर्जना भएकोले सुरक्षित रुपमा काम गर्न वातावरण बनेको बताउनु भयो।
रामेछापमा नेपाली सेनाको नयाँ गोरख गणले एकपटक प्रयोग गर्न सकिने पोलिथिनको पिपिई विकसित गरेको छ। सङ्क्रमण फैलियो भने उद्दारमा जाँदा सामान्य भए पनि सुरक्षा हुने खालका पिपिईको नमुना सेनाले उत्पादन गरेको हो। जिल्लामा पर्याप्त पिपिई सेट उपलब्ध नभएपछि सेनाले त्यस्तो सेटको नमुना उत्पादन गरेको हो।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि विमला पाण्डे**का अनुसार कारागार कार्यालय सिन्धुलीमा कैदी बन्दीको नियमित स्वास्थ्य जाँचमा समस्या भएको छ। ५० जनाको क्षमता रहेको उक्त कारागारमा २ सय ८८ जना कैदी बन्दी छन। लकडाउनका कारण कारागारमा कैदी बन्दीको व्यवस्थापनमा केही कठिनाईहरू समेत आएका छन। सरकारले सामाजिक तथा शारीरिक दुरी कायम गर्न लकडाउन गरेको भए पनि यहाँका कैदी बन्दीले भने सामाजिक दुरी कायम गर्न पाएका छैनन्। भने आन्तरिक रुपमा स्वास्थ्य जाँचको सुविधा समेत पाउन सकेका छैनन्।
कार्यालयका अनुसार कैदी बन्दी विरामी भए भने सिन्धुली अस्पतालमा विरामी जाँचका लागि लानुपर्ने अवस्था छ।
आन्तरिक स्वास्थ्य जाँचको व्यवस्था नहुँदा भिडभाडमा बस्ने र कारागार बाहिर मानिसको सम्पर्क बढी हुने सिन्धुली अस्पतालमा स्वास्थ्य जाँच गर्दा कोरोना संक्रमण हुन सक्ने आशंकाले कारागार व्यवस्थापनलाई समस्या भएको छ।
कारागार कार्यालयले स्वास्थ्य सम्बन्धि केहि सावधानी अपनाएको भए पनि कैदी बन्दीको दुरी कायम गराउन भने ठाउँको अभाव भएको छ। नयाँ कैदी बन्दी आउँदा सिन्धुली अस्पतालमा स्वास्थ्य जाँच गरेर मात्र कारागारमा ल्याउने व्यवस्था कारागारले गरेको छ।
शङ्कास्पद विरामीका लागि छुट्टै क्यारेण्टाइनमा राख्ने व्यवस्था स्वरुप कैदी बन्दी भवन भित्र छुट्टै बस्ने व्यवस्था त गरिएको छ। तर सङ्क्रमण बढेमा त्यसले सबैलाई फैलन सक्ने खतरा भने रहन्छ। कारागारले हात धुने, मास्क लगाउने, सेनिटाईजरले हात सफा गर्न लगाउने लगाएतका विधि अबलम्बन गरिरहेको र सक्दो व्यवस्थापनमा जोड दिइएको कारागार कार्यालयका प्रमुख मातृका पहाडीले बताए।
उनका अनुसार प्रयाप्त ठाउँ र आन्तरिक चेकजाँचका लागि स्वास्थ्यकर्मी नहुदा कैदी बन्दीलाई सामाजिक शारीरिक दुरी कायम गरेर राख्न भने सकिएको छैन। सामान्य उपचार गर्नका लागि समेत सिन्धुली अस्पतालमा लानुपर्ने अवस्थाले कैदी बन्दीमा कोराना संक्रमण हुन सक्ने सम्भावना पनि हुन सक्ने जोखिम बढेको छ।
कारागार कार्यालय सिन्धुलीको ५ सय कैदी बन्दीको क्षमता सहितको अत्याधुनिक भवन निर्माणको काम नसकिएकाले पनि कैदीबन्दीलाई पुरानै भवनमा राख्नु परेको कारागार प्रशासनले जनाएको छ। पुरानो भवन र कम क्षमताको भएकाले सामाजिक शारीरिक दुरी कायम गराउन अप्ठ्यारो भएको हो।
उक्त कार्यालयमा थुनुवा पुरुष १ सय २५ र महिला ३ गरि १ सय २८ जना छन् भने कैद तोकिएका ९८ जना पुरुष र दुईै जना महिला गरि १ सय जना रहेका छन्।

कमलामाई नगरपालिका सिन्धुलीले कैदी बन्दीलाई स्वास्थ्य सामग्री वितरण गरेको छ। वैशाख १३ गते कारागार कार्यालय सिन्धुलीमा पुगि प्रमुख जिल्ला अधिकारी योगेन्द्र प्रसाद पाण्डे र कारागार प्रमुख मातृका पहाडीलाई उक्त सामग्री हस्तान्तरण गरिएको हो ।
कमलामाई नगरपालिकाका प्रमुख खड्ग खत्रीले कारागारका कैदी बन्दी र कर्मचारीहरूलाई २ सय ५० थान मास्क र सेनिटाईजर उपलब्ध गराउनु भएको हो । नगर प्रमुख खत्रीले कारागारका समसामयीक समस्याका विषयमा समेत छलफल गरेका थिए ।
कमलामाई नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा थप रकम जम्मा भएको छ । कमलामाई नगरपालिका वडा नं. ६ स्टल वजारका व्यवसायी दिपक कुमार रौनियारले वैशाख १३ गते १० हजार ५ सय रुपैंया कोषमा सहयोग गर्नु भएको हो । उक्त रकम सहित हालसम्म कमलामाई नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा ६७ लाख ८८२ रुपैया जम्मा भएको छ ।
युवा व्यवसायी सुबोध अधिकारीले सिन्धुली अस्पताललाई १ सय मिलीलिटरको ९६ थान स्यानिटाईजर उपलब्ध गराउनु भएको छ । उहाँले अस्पताल विकास समितिका अध्यक्ष प्रलाद पोखरेललाई उक्त स्यानिटाईजर उपलब्ध गराउनु भएको हो ।

**इन्सेक मकवानपुर जिल्ला प्रनिनिधि पुष्पराज अधिकारी**का अनुसार राक्सीराङको जनताको सहायताका लागि लिसा हिमालय इभी र दिगो विकासका लागि एकता नेपालले ७ सय ३१ परिवारलाई पुग्ने खाद्यान्न प्रदान गरेको छ ।
गाउँपालिका अध्यक्ष राजकुमार मल्ललाई लिसा हिमालय इभीका कार्यक्रम निर्देशक अन्जनप्रसाद पौडेल र दीगो विकासका लागि एकता नेपालका कार्यक्रम संयोजक अनिल पौडेलले वैशाख १३ गते संयुक्त रुपमा खाद्यान्न तथा सरसफाई सामग्री हस्तान्तरण गर्नु भएको हो । राक्सिराङ गाउँपालिका वडा नं ७ दामराङमा वडाबासीलाई राहत बितरण गर्नका लागि पुग्नु भएका गाउँपालिका अध्यक्ष मल्ललाई खाद्यान्न हस्तान्तरण गरिएको हो ।
हस्तान्तरित खाद्यान्नमा २५ किलोग्राम चामल, तीन किलोग्राम दाल, दुई लिटर तेल, एक किलोग्राम नुन र पाँचवटा डिटोल साबुन रहेका छन् । केही दिनअघि चट्याङ लागेर मृत्यु भएका तथा घाइते भएका परिवारलाई प्राथमिकतामा राखी राहत वितरण गरिएको हो । ७ नं वडामा आयोजित राहत वितरण कार्यमा बागमती प्रदेशका सांसद सन्तबहादुर चेपाङ, ७ नं वडाध्यक्ष कुलबहादुर चेपाङसहितका जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो ।
लिसा हिमालय इभी र दिगो विकासका लागि एकता नेपालले लामो समयदेखि सञ्चालन गरिरहेको शिक्षा तथा स्वास्थ्य सहयोग कार्यक्रम अन्तर्गत गाउँपालिकाको ६, ७ र ८ नं वडाका लागि ७ सय ३१ परिवारलाई राहत प्याकेज दिने सम्झौता गाउँपालिकासँग गरेको थियो । सम्झौता बमोजिम प्राप्त खाद्यान्न अब बाँकी वडाहरूमा पनि वडा कार्यालयको संयोजनमा वितरण हुने गाउँपालिका अध्यक्ष मल्लले बताउनुभयो ।
लक डाउनका कारण काठमाडौंमा रोकिएका राक्सिराङ र मनहरी गाउँपालिकाका ५० जना नागरिकलाई बसमा राखेर मनहरी ल्याइएको छ ।
राक्सिराङ गाउँपालिकाको समन्वय र समाजसेवी नवराज थिङको आर्थिक सहयोगमा राक्सिराङ गाउँपालिकाका ३८ र मनहरी गाउँपालिकाका १२ जना नागरिकलाई बसमा राखेर मनहरी ल्याइएको हो । राक्सिराङ गाउँपालिकाको अनुरोधमा बस भाडामा लिएर आवश्यक समन्वयसहित नागरिकको उद्धार गरिएको समाजसेवी थिङले बताउनुभयो ।
काठमाडौंबाट आएका सबै नागरिकलाई मास्क, सेनिटाइजरजस्ता स्वास्थ्य सुरक्षा सामग्री प्रयोग गरी सम्बन्धित वडाका जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरूको जिम्मा लगाइएको गाउँपालिकाले जनाएको छ ।
यसैबीच राक्सिराङ गाउँपालिकाको अर्को एउटा बसमा पनि नागरिकलाई काठमाडौंबाट ल्याउने तयारी भइरहेको र बस काठमाडौं पठाइसकिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताउनुभयो ।
लकडाउनको ३३ औं दिन बागमती प्रदेशको राजधानी हेटौंडामा लकडाउन उल्लङ्घन गर्ने ६३ सवारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले वैशाख १२ गते दिउँसो ३ बजेसम्म नगरको विभिन्न स्थानबाट लकडाउन उल्लङ्घन गर्ने ६० ओटा मोटरसाइकल र स्कुटर, ओटा मयुरी गरी ६३ सवारीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।
लकडाउनमा विना पास, अनावश्यक रुपमा चलाएकोले उक्त सवारीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका सुचना अधिकारी प्रहरी निरीक्षक सुजन पाठकले बताएका छन्।
इन्द्रसरोवर गाउँपालिकालाई गाउँपालिका भित्रका १० सहकारी र जिल्ला सहकारी मार्फत स्वास्थ्य सामाग्री सहयोग प्राप्त भएको छ । विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको न्युनीकरण र रोकथामका लागि अति आवश्यक स्वास्थ्य सामग्री गाउँपालिकालाई एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको हो ।
जिल्ला बचत तथा ऋण सहकारी संघ लि.मकवानपुरको राहत कोषमार्फत इन्द्रसरोवर गाउँपालिका भित्रका इच्छुक सहकारीहरूको आर्थिक सहयोगमा त्रिपन्न हजार बराबरको पीपीई सेट, बुट, पन्जा, मास्क, सेनिटाइजर लगायतका स्वास्थ्य सामग्री सहयोग गरेको हो ।
यजसका लागि जिल्ला बचत तथा ऋण सहकारी संघ लि.मकवानपुरको राहत कोषबाट ५ हजार, सिर्जना महिला बचत तथा ऋण सहकारी संस्था लि. मार्खुबाट ५ हजार, महिला समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड कुलेखानीबाट ५ हजार, कुलेखानी बचत तथा ऋण सहकारी संस्था लिमिटेड कुलेखानीबाट ५ हजार, श्रमजीवी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड सिस्नेरीबाट ५ हजार, सक्रिय महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड फाखेलबाट ५ हजार, मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड फाखेलबाट ५ हजार, इन्द्रसरोवर कृषि स. सं. लि. मार्खुबाट ५ हजार, अमर साना किसान कृषि स.सं. लि कुलेखानीबाट ५ हजार,सरस्वती साना किसानबाट ५ हजार र महाचुनी कृषि सहकारी सं.लि.फाखेलबाट ३ हजार रकम गरप् जम्मा ५३ हजार रुपैँया बराबरको स्वास्थ्य सामग्री गाउँपालिकालाई हस्तान्तरण गरेको मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड फाखेलका अध्यक्ष शान्तलाल लामाले जानकारी दिनुभयो ।

**इन्सेक चितवन जिल्ला प्रनिनिधि दीपेन्द्र अधिकारी**का अनुसार वैशाख १३ गते लकडाउन उलङ्घन गरेको आरोपमा १९ ओटा सवारी नियन्त्रणमा लिएको चितवन प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनुभयो । लकडाउनमा मानिसहरूलाई नियन्त्रणमा लिन चितवन प्रहरीले विशेष टोली तयार पारेको छ । व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) सहितको चार जना प्रहरी तयार पारिएको छ । ती चार जना प्रहरीलाई विभिन्न समूहमा पठाइने जिल्ला प्रहरी कार्यालय चितवन प्रवत्ता डिएसपी एकनारायण कोइरालाले बताउनुभयो ।
भरतपुर अस्पतालमा वैशाख १२ गते १० वटा नयाँ नमूना सङ्कलन गरी पठाएकोमा सबै रिर्पोट नेगेटिभ आएको छ । त्यस्तै अस्पतालको आइसोलेसन क्याविनमा दुई जना र कोरोना विशेष अस्पतालमा ११ जना रहेका छन् ।
चितवनका विभिन्न मस्जिदमा रहेका २७ विदेशी मुसलमान समुदायका व्यक्तिको पिसिआर परीक्षण गरिएको छ । परीक्षणका क्रममा उनीहरूको नतिजा नेगेटिभ आएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । भट्टराईका अनुसार जिल्लाका विभिन्न मस्जिदमा १९ भारतीय र आठ जना पाकिस्तानी मुस्लिम समुदायका व्यक्ति रहेका छन् । उनीहरूको सम्पर्कमा आएका व्यक्तिको पनि पहिचान गरी रयापिड डाइग्नोस्टिक टेस्ट र पिसिआर परीक्षण गरिएको छ । उनीहरूको नतिजा नेगेटिभ आएको भए पनि अहिले होम क्वारेन्टाइनमा राखिएको छ ।
चितवनका स्थानीय तहहरू भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपीलका, राप्ती नगरपालिका, कालिका नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकाले आआफ्नो क्षेत्रमा राहत वितरणलाई तिव्रता दिएका छन् ।
**इन्सेक बागमती प्रदेश कार्यालउ, हेटौँडा**